# अनुसूची

## अनुसूची १

# संयुक्त जनमोर्चा नेपालको चालीस बुँदे मागहरू

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौं ।

**विषयः ज्ञापनपत्र ।**

महोदय,
२०४६ सालमा जनआन्दोलनको परिणामस्वरूप निरङ्कुश राजतन्त्रात्मक निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएर राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको स्थापना भएको ६ वर्ष पूरा हुँदैछ । यसबीचमा त्रिपक्षीय अन्तरिम सरकार, नेपाली काँग्रेसको एकमना सरकार, एमालेको अल्पमतको सरकार र हाल काँग्रेस-राप्रपा-सद्भावना गठबन्धन सरकारले राज्यसत्ताको सञ्चालन गरिरहेका छन् । परन्तु देश र जनताको स्थिति उँभो लाग्नुको सट्टा दिनहुँ उँधो लाग्दै गएको कुराको पुष्टि नेपाल संसारको दोस्रो सबभन्दा गरीब देशमा झरेको, निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात ७१ प्रतिशत पुगेको, पूर्ण बेरोजगारहरूको सङ्ख्या १० प्रतिशतभन्दा बढी र अर्ध तथा छद्म बेरोजगारहरूको सङ्ख्या ६० प्रतिशतभन्दा बढी पुगेको, विदेशी ऋण र व्यापार घाटा प्रतिवर्ष चुलिँदै गएर देश टाट पल्टने स्थितिमा पुगेको, देशभित्र विदेशीहरू र खासगरी भारतीय विस्तारवादीहरूको आर्थिक र सांस्कृतिक अतिक्रमण दिनहुँ बढ्दै गएको, धनी र गरीब तथा सहर र गाउँबीचको फाटो झन्झन् फराकिलो हुँदै गएको आदिबाट हुन्छ । अर्कोतिर यसबीचमा कुनै न कुनै रूपले सरकारमा पुगेका संसदीय पार्टीहरू देश र जनताका हितप्रति समर्पित रहनुको सट्टा विदेशी साम्राज्यवादी तथा विस्तारवादी मालिकहरूको आशीर्वाद प्राप्त गरेर कुर्सीमा टिकिरहने प्रयासमा नै निर्लिप्त रहेको कुरा उनीहरू सबैले साम्राज्यवादीहरूले आफ्नो स्वार्थसिद्ध गर्न तयार गरेको कथित निजीकरण र उदारीकरणको आर्थिक नीति आँखा चिम्लेर स्वीकार गरेको र हालै आएर भारतीय विस्तारवादलाई नेपालको जलसम्पदाको एकाधिकार सुम्पन कथित राष्ट्रिय सहमति कायम गरेकोबाट पुष्टि हुन्छ । यसै क्रममा संयुक्त जनमोर्चा नेपालले २०४८ चैत्र २४ गतेदेखि कहिले एक्लै र कहिले अन्य पक्षहरूसँग संयुक्त भएर राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित तात्कालिक मागहरू पूरा गराउन विभिन्न प्रकारका सङ्घर्षहरू गर्दै आएको छ । तर विभिन्न समयमा

बनेका सरकारले ती मागहरू पूरा गर्नुको सट्टा उल्टै आन्दोलनकारीहरूमाथि भीषण दमन गर्ने र सयौँ जनाको ज्यान लिने काम गर्दै आए, जसको सबभन्दा नाङ्गो रूप केही महिना पहिले रोल्पामा भएको सशस्त्र प्रहरी अपरेसनमा देखा पऱ्यो । यसै सन्दर्भमा कतिपय हामीले पहिलेदेखि उठाउँदै आएका र कतिपय तत्कालीन सन्दर्भमा अत्यावश्यक हुन गएका राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित मागहरू वर्तमान गठबन्धन सरकारसमक्ष पुनः एकपटक निम्न बमोजिम प्रस्तुत गरेका छौँ ।

**हाम्रा मागहरू**

**राष्ट्रियतासम्बन्धी माग**

१. सन् १९५० को नेपाल-भारत सन्धिलगायतका सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज हुनु पर्दछ ।

२. राष्ट्रघाती टनकपुर सन्धिलाई ढाकछोप र नेपालको सम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादीलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनु पर्दछ ।

३. नेपाल-भारत खुला सिमाना नियन्त्रित र व्यवस्थित गरिनु पर्दछ । नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनु पर्दछ ।

४. गोरखा भर्ती केन्द्र रद्द गरिनु पर्दछ र नेपालीहरूलाई स्वदेशभित्र नै सम्मानजनक रोजगारीको व्यवस्था गरिनु पर्दछ ।

५. नेपालभित्र विविध क्षेत्रमा कामका निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिनु पर्दछ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनु पर्दा वर्कपरमिट प्रथा लागू गरिनु पर्दछ ।

६. नेपालको उद्योगधन्दा, व्यापार वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पूँजीको आधिपत्यको अन्त्य गरिनु पर्दछ ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनु पर्दछ ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनु पर्दछ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडियो र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरुन्त रोक लगाउनु पर्दछ ।

९. एनजीओ/आइनजीओ आदिका नाममा देशभित्र साम्राज्यवादी विस्तारवादी घूसपैठको अन्त्य गरिनु पर्दछ ।

**जनतन्त्रसँग सम्बन्धित मागहरू**

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनु पर्दछ ।

११. राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनु पर्दछ ।

१२. सेना, प्रहरी र प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुनु पर्दछ ।

१३. सुरक्षा ऐनलगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनु पर्दछ ।

१४. राजनीतिक प्रतिरोधका कारणले झुटा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, सिन्धुली, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, धनुषा, रामेछापलगायतका जिल्लाहरूमा रहेका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनु पर्दछ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनु पर्दछ ।

१५. जिल्ला-जिल्लामा भइरहेको सशस्त्र प्रहरी अप्रेसन, दमन र राज्यआतङ्क तुरुन्त बन्द गरिनु पर्दछ ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलिप चौधरी, भुवन थापामगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूबारे निष्पक्ष छानविन गरी अपराधीहरूलाई कडा कारवाही गरिनु पर्दछ र पीडित पक्षलाई उचित क्षतिपूर्ति प्रदान गरिनु पर्दछ ।

१७. जनआन्दोलनमा मारिएकाहरूलाई शहीद घोषणा गरिनु पर्दछ र शहीदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनु पर्दछ र हत्याराहरूमाथि कडा कारवाही गरिनु पर्दछ ।

१८. नेपाललाई धर्म निरपेक्ष राज्य घोषित गरिनु पर्दछ ।

१९. महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनु पर्दछ । छोरीलाई छोरासरह पैतृक सम्पतिमाथि समान अधिकार दिनु पर्दछ ।

२०. सबैखाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनु पर्दछ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा स्वायत्त शासनको व्यवस्था गरिनु पर्दछ ।

२१. दलितहरूमाथिको भेदभाव अन्त्य गरिनु पर्दछ । छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनु पर्दछ ।

२२. सबै भाषाभाषीहरूलाई समान अवसर र सुविधा दिइनु पर्दछ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२३. वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनु पर्दछ । सरकारी सञ्चारमाध्यमहरू पूर्ण रूपले स्वायत्त हुनु पर्दछ ।

२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिककर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी हुनु पर्दछ ।

२५. पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनु पर्दछ । पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनु पर्दछ । गाउँ र सहरबीच सन्तुलन कायम गरिनु पर्दछ ।

२६. स्थानीय निकायहरूलाई अधिकार र साधनसम्पन्न बनाइनु पर्दछ ।

**जनजीविकासँग सम्बन्धित मागहरू**

२७. जमीन जोत्नेको हुनु पर्दछ । सामन्तहरूको सम्पत्ति जफत गरेर भूमिहीन तथा सुकुमबासीहरूमा वितरण गरिनु पर्दछ ।

२८. दलाल तथा नोकरशाही पूँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनु पर्दछ । अनुत्पादक क्षेत्रमा अल्झिएको पूँजीलाई औद्योगीकरणमा लगाउनु पर्दछ ।

२९. सबैलाई रोजगारीको ग्यारेन्टी गरिनु पर्दछ । रोजगारी नपाउञ्जेल बेरोजगारी भत्ताको व्यवस्था गरिनु पर्दछ ।

३०. उद्योग, कृषिलगायतका सबै क्षेत्रहरूमा काम गर्ने मजदूरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइकासाथ लागू गर्ने व्यवस्था हुनु पर्दछ ।

३१. सुकुमबासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनु पर्दछ । वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुमबासीहरूलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनु पर्दछ ।

३२. गरीब किसानहरूलाई पूर्ण रूपले ऋणमुक्त गरिनु पर्दछ । कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनु पर्दछ । सानो उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनु पर्दछ ।

३३. मल, बीउ, सस्तो र सुलभ हुनु पर्दछ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था हुनु पर्दछ ।

३४. बाढी पीडित, सुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनु पर्दछ ।

३५. सबैलाई निःशुल्क, वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनु पर्दछ ।

३६. महँगी नियन्त्रण गरिनु पर्दछ । महँगीको अनुपातमा ज्याला वृद्धि गरिनु पर्दछ ।

३७. गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनु पर्दछ ।

३८. कुटिर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिनु पर्दछ ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी, कमिसन तन्त्र अन्त्य गरिनु पर्दछ ।

४०. अनाथ, अपाङ्ग, बृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनु पर्दछ ।

नेपाली राष्ट्र र जनताको जीवनसँग अत्यावश्यक रूपले जोडिएका उपरोक्त मागहरू यथाशीघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकार समक्ष हाम्रो हार्दिक आग्रह छ । आगामी २०५२ फागुन ५ गतेसम्म सरकारको तर्फबाट यसबारे

कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त सङ्घर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौँ ।

धन्यवाद ।
२०५२ माघ २१ गते
(डा. बाबुराम भट्टराई)
अध्यक्ष
केन्द्रीय समिति, संयुक्त जनमोर्चा नेपाल

# अनुसूची २

## सातदल र माओवादीबीच भएको बाह्र बुँदे समझदारी

### समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरङ्कुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको सङ्घर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दस वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय आदि समस्याको समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसद्भित्रका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौँ :

### समझदारी भएका बुँदाहरू

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आमनेपाली जनताको प्रमुख चाहना हो । त्यसका निम्ति बाधक निरङ्कुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौँ । निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरङ्कुश राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरूले निरङ्कुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरङ्कुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसद्को पुनःस्थापना गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमिकता र राजकीयसत्ता पूर्ण रूपले जनतामा स्थापित

---

यो समझदारीपत्र माओवादी र सातदलद्वारा छुट्टाछुट्टै सार्वजनिक गरिएको थियो ।

गर्नसकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिको राष्ट्रिय सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीच संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एकमात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढसङ्कल्पित छौँ । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नताको हामी अपेक्षा गर्दछौँ ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक आदि लोकतान्त्रिक मूल्यमान्यताप्रति नेकपा (माओवादी) ले आफ्नो प्रतिबद्धताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५. नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती-कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती-कमजोरी हुन नदिन नेकपा (माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती-कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती-कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

८. शान्ति-प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्य मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरामा प्रतिबद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसद्को निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकोले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय वहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आमजनतालाई आह्वान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्ण रूपले प्रतिबद्ध छौँ । शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरङ्कुश र अवैध शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलको देशभक्तिमाथि प्रश्नचिह्न खडा गर्ने जुन मित्थ्या प्रयास गरिरहेका छन्, त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौँ र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्र विरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्छौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय सङ्घ-सङ्गठनहरू, सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौँ ।

१२. विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरूको सम्बन्धमा छानबिन

गर्ने, दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ। अबउप्रान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्वादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ।

सातदलका तर्फबाट
गिरिजाप्रसाद कोइराला, सभापति, नेपाली काँग्रेस
माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)
गोपालमान श्रेष्ठ, कार्यवाहक सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक)
अमिक शेरचन, अध्यक्ष, जनमोर्चा नेपाल
प्रेम सुवाल, नेता, नेपाल मजदुर किसान पार्टी
भरतविमल यादव, कार्यवाहक सभापति, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
कृष्णदास श्रेष्ठ, अध्यक्ष, संयुक्त वाममोर्चा नेपाल

प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)

२०६२ मङ्सिर ७ गते

# अनुसूची ३

## माओवादी 'जनयुद्ध' को अवधिमा राज्य तथा माओवादीबाट मारिएका मानिसहरूको सङ्ख्या[1]

### तालिका १ : वर्षको आधारमा

(१३ फेब्रुअरी १९९६–३१ डिसेम्बर २००५)

| वर्ष (सन्) | माओवादी पक्षबाट | राज्य पक्षबाट | जम्मा |
|---|---|---|---|
| १९९६ | २२ | ५९ | ८१ |
| १९९७ | ३२ | १६ | ४८ |
| १९९८ | ७५ | ३३४ | ४०९ |
| १९९९ | १४१ | ३२८ | ४६९ |
| २००० | २१९ | १८० | ३९९ |
| २००१ | ३९० | २४३ | ६३३ |
| २००२ | १,३३७ | ३,२६६ | ४,६०३ |
| २००३ | ६४६ | १,२१७ | १,८६३ |
| २००४ | १,११३ | १,६०६ | २,७१९ |
| २००५ | ७०९ | ८१५ | १,५२४ |
| **जम्मा** | **४,६८४** | **८,०६४** | **१२,७४८** |

स्रोत : प्रलेख तथा प्रसार विभाग, अनौपचारिक क्षेत्र सेवा केन्द्र, (इन्सेक)।

[1] २०६२ पुसको मध्यसम्म राज्य तथा माओवादी पक्षबाट १२,७४८ जना मारिएको आँकडा भए पनि २०६४ असार मसान्तसम्म मारिनेको सङ्ख्या १३,३९३ पुगिसकेको छ। थप मारिने मध्ये माओवादी पक्षबाट ३०६ र राज्य पक्षबाट ३३९ प्रमाणित भएको पाइन्छ।

## तालिका २ : जिल्लाको आधारमा

(१३ फेब्रुअरी १९९६–३१ डिसेम्बर २००५)

| क्र.सं | जिल्ला | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| १ | झापा | ४२ | ४ | - | ४६ | ३९ | ३ | - | ४२ |
| २ | इलाम | ४८ | १ | - | ४९ | ६३ | ११ | १ | ७५ |
| ३ | पाँचथर | ३६ | - | - | ३६ | ७४ | ५ | - | ७९ |
| ४ | ताप्लेजुङ | ३० | - | - | ३० | ५६ | ४ | ७ | ६७ |
| ५ | मोरङ | ५९ | ३ | - | ६२ | १२० | ७ | ६ | १३३ |
| ६ | सुनसरी | २० | - | - | २० | ४० | ४ | १ | ४५ |
| ७ | धनकुटा | ३८ | - | - | ३८ | १४ | १ | - | १५ |
| ८ | तेह्रथुम | १२ | ३ | - | १५ | ३८ | ८ | ८ | ५४ |
| ९ | भोजपुर | ६४ | १ | - | ६५ | ७९ | १० | - | ८९ |
| १० | संखुवासभा | ३५ | ४ | - | ३९ | ४७ | ११ | ३४ | ९२ |
| ११ | सप्तरी | ४२ | - | - | ४२ | २१ | १ | - | २२ |
| १२ | सिराहा | ६४ | ७ | - | ७१ | ७३ | ३ | ४३ | ११९ |
| १३ | उदयपुर | ३४ | ३ | ४ | ४१ | ५२ | १५ | ४ | ७१ |
| १४ | खोटाङ | ३१ | ३ | - | ३४ | ४२ | १६ | १४ | ७२ |
| १५ | ओखलढुङ्गा | २० | - | ४ | २४ | ३१ | १२ | ५२ | ९५ |
| १६ | सोलुखुम्बु | ५४ | - | २ | ५६ | ६९ | ११ | १० | ९० |
| १७ | धनुषा | ७६ | २ | - | ७८ | ९३ | - | - | ९३ |
| १८ | महोत्तरी | ३४ | - | - | ३४ | २५ | - | - | २५ |
| १९ | सर्लाही | ५७ | १ | - | ५८ | ८३ | ५ | ३ | ९१ |

| क.सं | जिल्ला | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| २० | सिन्धुली | ९२ | ४ | - | ९६ | ९९ | १७ | २ | ११८ |
| २१ | रामेछाप | ३६ | २ | - | ३८ | ८७ | १५ | ४ | १०६ |
| २२ | दोलखा | ८६ | ६ | - | ९२ | ६८ | २१ | - | ८९ |
| २३ | रौतहट | ७२ | ३ | - | ७५ | ७७ | १ | ६ | ८४ |
| २४ | बारा | ६५ | - | - | ६५ | ४३ | ५ | - | ४८ |
| २५ | पर्सा | ५८ | - | - | ५८ | १३ | - | - | १३ |
| २६ | चितवन | ६८ | २१ | २ | ९१ | ६७ | १० | ३ | ८० |
| २७ | मकवानपुर | ६४ | २ | १ | ६७ | ३७ | १० | - | ४७ |
| २८ | ललितपुर | ३८ | ४ | - | ४२ | ११ | ३ | - | १४ |
| २९ | काभ्रे | १०९ | ८ | १६ | १३३ | ८६ | २९ | ५ | १२० |
| ३० | भक्तपुर | १ | - | - | १ | १३ | ४ | ८ | २५ |
| ३१ | काठमाडौं | ५१ | - | - | ५१ | २१ | १ | ४ | २६ |
| ३२ | धादिङ | ६८ | २ | ६ | ७६ | ७८ | १४ | १० | १०२ |
| ३३ | सिन्धुपाल्चोक | १०० | ४ | - | १०४ | ८५ | ८ | ४ | ९७ |
| ३४ | नुवाकोट | ५९ | - | १ | ६० | ८७ | १३ | ३ | १०३ |
| ३५ | रसुवा | ३ | - | - | ३ | २१ | ३ | २ | २६ |
| ३६ | तनहुँ | ४० | - | - | ४० | ३३ | १४ | ५ | ५२ |
| ३७ | गोरखा | ७८ | ४ | १२ | ९४ | ११४ | ४३ | ६ | १६३ |
| ३८ | लमजुङ | ७९ | १ | ९ | ८९ | १२१ | २४ | ३० | १७५ |
| ३९ | स्याङ्गजा | ३२ | - | - | ३२ | ४० | ६ | ७ | ५३ |
| ४० | कास्की | ५० | १ | १ | ५२ | ३२ | १२ | २ | ४६ |

| क.सं | जिल्ला | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| ४१ | नवलपरासी | ७४ | ४ | - | ७८ | ६१ | १२ | ९ | ८२ |
| ४२ | रुपन्देही | ८१ | ३ | - | ८४ | ४२ | २ | १ | ४५ |
| ४३ | पाल्पा | १६ | - | ३ | १९ | ५४ | ५ | २२ | ८१ |
| ४४ | कपिलबस्तु | १०२ | ३ | - | १०५ | ४० | ५ | २ | ४७ |
| ४५ | अर्घाखाँची | ६२ | १ | ५ | ६८ | ५७ | १७ | ९५ | १६९ |
| ४६ | गुल्मी | ३१ | १ | - | ३२ | १८ | ५ | ३ | २६ |
| ४७ | बाग्लुङ | ३१ | २ | - | ३३ | ६६ | ११ | - | ७७ |
| ४८ | पर्वत | १७ | १ | - | १८ | ३१ | ४ | २ | ३७ |
| ४९ | म्याग्दी | ५० | ४ | - | ५४ | ३७ | ७ | १६७ | २११ |
| ५० | दाङ | २५२ | ७ | - | २५९ | ३०७ | १० | १०० | ४१७ |
| ५१ | प्यूठान | १९ | १ | १ | २१ | २१ | ११ | - | ३२ |
| ५२ | रोल्पा | २३९ | ३ | - | २४२ | ४२३ | ६२ | २१ | ५०६ |
| ५३ | सल्यान | ७७ | - | - | ७७ | १५७ | ५ | ५९ | २२१ |
| ५४ | रुकुम | १५७ | - | १२ | १६९ | ३५२ | ३३ | ३४८ | ७३३ |
| ५५ | बाँके | ८९ | ९ | २८ | १२६ | ९९ | ५ | ९८ | २०२ |
| ५६ | बर्दिया | ८० | २ | - | ८२ | १६४ | १६ | ७३ | २५३ |
| ५७ | सुर्खेत | ७३ | ४ | - | ७७ | १८३ | २३ | २१ | २२७ |
| ५८ | जाजरकोट | ६९ | ७ | - | ७६ | १११ | २० | - | १३१ |
| ५९ | दैलेख | ८१ | ६ | २ | ८९ | ९३ | १३ | ४२ | १४८ |
| ६० | डोल्पा | २७ | - | - | २७ | २६ | ५ | - | ३१ |
| ६१ | जुम्ला | ७६ | ३ | - | ७९ | १२३ | १६ | ३१ | १७० |

| क्र.सं | जिल्ला | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| ६२ | कालिकोट | ११६ | २ | - | ११८ | १६३ | १९ | २८ | २१० |
| ६३ | मुगु | ६ | २ | - | ८ | ३१ | ८ | - | ३९ |
| ६४ | हुम्ला | १० | २ | - | १२ | १३ | २ | २ | १७ |
| ६५ | कैलाली | १४० | ८ | १६ | १६४ | १३९ | ३५ | ७२ | २४६ |
| ६६ | अछाम | ९८ | २ | ५५ | १५५ | १०९ | १३ | ४८ | १७० |
| ६७ | डोटी | ८ | - | - | ८ | २२ | ७ | ११५ | १४४ |
| ६८ | बाजुरा | ३५ | २ | १७ | ५४ | ४० | ६ | ३९ | ८५ |
| ६९ | बझाङ | २० | - | ३ | २३ | २२ | १ | ४३ | ६६ |
| ७० | कन्चनपुर | ६५ | १ | - | ६६ | ७७ | २१ | १६ | ११४ |
| ७१ | डडेलधुरा | २८ | १ | ५ | ३४ | ५१ | ८ | २ | ६१ |
| ७२ | बैतडी | ८ | ४ | - | १२ | ६२ | ७ | - | ६९ |
| ७३ | दार्चुला | १८ | - | - | १८ | ३८ | २ | १ | ४१ |
| | **जम्मा** | **४,३००** | **१७९** | **२०५** | **४,६८४** | **५,५२४** | **७९६** | **१,७४४** | **८,०६४** |

स्रोत : प्रलेख तथा प्रसार विभाग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं ।

**तालिका ३ : पेशागत आधारमा**

**(१३ फेब्रुअरी १९९६–३१ डिसेम्बर २००५)**

| पेशा | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| कृषक | ८३१ | ६४ | २ | ८९७ | १,३४१ | १०५ | ६ | १,४५२ |
| व्यापारी | ११५ | ६ | १ | १२२ | ४६ | १ | - | ४७ |
| निजामति तथा निजी सेवामा संलग्न | ५४२ | ६ | ३३ | ५८१ | ६६ | २ | - | ६८ |
| इन्जिनियर | १ | - | - | १ | - | - | - | - |
| स्वास्थकर्मी | ३ | - | - | ३ | २ | - | - | २ |
| पत्रकार | ४ | - | - | ४ | ९ | - | - | ९ |
| मजदुर | ७२ | ४ | - | ७६ | १४० | ४ | १ | १४५ |
| कानून व्यवसायी | २ | - | - | २ | - | - | - | - |
| सेना | ५०३ | - | ८८ | ५९१ | १० | - | ४ | १४ |
| फोटोग्राफर | ३ | - | - | ३ | २ | - | - | २ |
| प्रहरी | १,२३४ | १ | १ | १,२३६ | १५ | - | - | १५ |
| राजनीतिकर्मी | ३८४ | ९ | ३४ | ४२७ | ३,१८३ | ५६० | १,२९९ | ५,०४२ |
| सुरक्षाकर्मी (सेना र प्रहरी) | १४२ | - | १३ | १५५ | ३ | - | - | ३ |
| सामाजिक कार्यकर्ता | ६ | १ | - | ७ | ५ | १ | - | ६ |
| विद्यार्थी | १११ | १९ | - | १३० | १६० | ४० | - | २०० |
| शिक्षक | ८३ | ३ | - | ८६ | ५७ | - | - | ५७ |
| पहिचान नभएको | २६४ | ६६ | ३३ | ३६३ | ४८५ | ८३ | ४३४ | १,००२ |
| **जम्मा** | **४,३००** | **१७९** | **२०५** | **४,६८४** | **५,५२४** | **७९६** | **१,७४४** | **८,०६४** |

स्रोत : प्रलेख तथा प्रसार विभाग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)।

तालिका ४ : जातिगत आधारमा

(१३ फेब्रुअरी १९९६–३१ डिसेम्बर २००५)

| जात | माओवादी पक्षबाट | | | | राज्य पक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा | पुरुष | महिला | पहिचान नखुलेको | जम्मा |
| आदिवासी | ९ | २ | - | ११ | ११ | - | - | ११ |
| कोइरी | २० | १ | - | २१ | १७ | १ | - | १८ |
| क्षेत्री | १,२१० | ४२ | १ | १,२५३ | ७५८ | ११५ | २ | ८७५ |
| जनजाति | ७८७ | ४१ | - | ८२८ | १,२५२ | १८२ | ७ | १,४४१ |
| दलित | २११ | १५ | - | २२६ | ४३४ | ५८ | १ | ४९३ |
| नेवार | १६० | ७ | १ | १६८ | ८७ | १६ | - | १०३ |
| बाहुन | ६७९ | ४४ | १ | ७२४ | ५६८ | १२२ | २ | ६९२ |
| मन्डल | ७ | - | - | ७ | १३ | १ | - | १४ |
| मुस्लिम | ६५ | २ | - | ६७ | ३६ | ७ | - | ४३ |
| यादव | १४५ | २ | - | १४७ | ८६ | २ | - | ८८ |
| वैश्य | ६२ | - | - | ६२ | ५३ | ४ | - | ५७ |
| सन्यासी | ४६ | २ | - | ४८ | १९ | २ | - | २१ |
| पहिचान नखुलेको | ८९९ | २१ | २०२ | १,१२२ | २,१९० | २८६ | १,७३२ | ४,२०८ |
| **जम्मा** | **४,३००** | **१७९** | **२०५** | **४,६८४** | **५,५२४** | **७९६** | **१,७४४** | **८,०६४** |

स्रोत : प्रलेख तथा प्रसार विभाग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)।